# पाख्रीबास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास, धनकुटा
२०७३
१ नं.प्रदेश नेपाल

प.सं.: २०७७/०७८
च.नं.: ६५८

मिति: २०७७/०६/२९

बिषयः- नगर शिक्षा समितिको निर्णय कार्यान्वयन गर्ने सम्बन्धी सूचना ।

श्री सबै विद्यालय, पाख्रीबास नगरपालिका
धनकुटा ।

प्रस्तुत विषयमा विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड १९) को महामारीका कारण देशभरका शैक्षिक संस्थाहरु बन्द रहेका अवस्थामा विद्यार्थी सिकाइ सहजीकरणको कार्यलाई कसरी अगाडि बढाउने भन्ने सन्दर्भमा पाख्रीबास नगरपालिका अन्तर्गत रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुको मिति २०७७ साल भाद्र २९ र ३० गते सम्पन्न बैठकको निचोड, नगर शिक्षा समितिको मिति २०७७/०६/०६ र नगर कार्यपालिकाको मिति २०७७/०६/०७ को निर्णय तथा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/०५/१९ मा जारी भएको विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ मा भएको व्यवस्था अनुसार यस नगरपालिका भित्रका विद्यालयमा सिकाइ सहजीकरणका लागि विभिन्न विकल्पहरुमा काम भइरहेको अवस्थामा विभिन्न समयमा विभिन्न निकायबाट जारी गरिएका सूचनाले विद्यालयहरुमा अन्योलता सृजना गरेको हुँदा आगामी दिनमा यस नगरपालिका भित्रका विद्यालयहरुले विद्यार्थी सिकाइ सहजीकरणलाई निरन्तरता दिन तपशील बमोजिम गर्ने गराउने भनी नगर शिक्षा समितिले मिति २०७७।०६।२४ गते निर्णय गरेको हुँदा उक्त निर्णय कार्यान्वयन गर्नु गराउनु हुन सबै विद्यालयहरूलाई सूचित गरिन्छ ।

**तपशील**

- विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरु अनिवार्य रुपमा विद्यालयमा उपस्थित हुने,
- विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ मा व्यवस्था भएका मध्ये विद्यालयलाई अनुकुल हुने सिकाइ सहजीकरणको कार्यलाई निरन्तरता दिने,
- दशैं, तिहार, छठ जस्ता चाडपर्वहरूमा नेपाल सरकारबाट घोषणा गरिएका बाहेकका विदा, वर्षे/हिउँदे जस्ता लामो अवधिका विदाहरु शिक्षक तथा कर्मचारीका लागि नगर्ने,
- महामारीको जोखिम बढ्दै गएको हुँदा शिक्षक कर्मचारीहरु सकेसम्म जिल्ला बाहिर नजाने । यदि गएमा फर्किने समयमा कोरोना सङ्क्रमण भए नभएको एकिन गरी सङ्क्रमण नभएकालाई मात्र विद्यालयमा उपस्थित गराउने व्यवस्था सम्बन्धित विद्यालयले मिलाउने ।

७७।६।२९

डिकबहादुर राई
(प्रमुख प्रशासकीय अधिकृत)
उपसचिव

प्रमुख प्रशासकीय अधिकृत

*"पाख्रीबासको दृष्टि, शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि"*

फोन नं.: ०२६-४०५१६५, वेबसाइट:www.pakhribasmun.gov.np ईमेल:pakhribas.nagarpalika@gmail.com